# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः ..............
च.नं.:................

मिति :- २०८३/०१/२१

**एलएल.बी. तह (२०७९/०८० समूह) दोस्रो वर्षका विद्यार्थीहरूलाई अभ्यास अदालत (Moot Court, Pre-Trial Preparation and Participation in Trial) को लागि निर्धारित नजिर सम्बन्धी सूचना !**

त्रि.वि. कानून संकाय डीनको कार्यालयको च.नं. १४५/०८२/०८३, मिति २०८२/०८/१७ को परिपत्र अनुसार यस क्याम्पसमा सञ्चालित तीन वर्षे एलएल.बी. तह दोस्रो वर्षको अनिवार्य विषय अभ्यास अदालत (Moot Court, Pre-Trial Preparation and Participation in Trial) अन्तर्गत एलएल.बी. तह (२०७९/०८० समूह) दोस्रों वर्षका विद्यार्थीहरूका लागि निर्धारित मुद्दा तपसिल बमोजिम हुने गरी यसै साथ संलग्न गरी प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । अभ्यास अदालत (Moot Court, Pre-Trial Preparation and Participation in Trial) को मौखिक परीक्षाको मिति पछि प्रकाशित गरिनेछ । मौखिक परीक्षामा उपस्थित हुँदा आफूले तयार पारेको मिसिल साथै लिई आउनु पर्नेछ । त्रि.वि. कानून संकायबाट प्राप्त मिति २०८२/०८/१७ को परिपत्र यसै साथ प्रकाशित गरिएको व्यहोरा समेत अनुरोध छ ।

<u>तपसिल</u>

| कक्षा रोल नम्बर | नजिर |
|---|---|
| १ देखि ३०० सम्म | १. *लुम्बिनी बैंक लिमिटेड विरूद्ध संगिता त्रिपाठी,* **मुद्दाः उत्प्रेषण परमादेश,** *ने.का.प. २०७३,* अङ्क ८, नि.नं. ९६४६, फैसला मिति २०७२/०९/१६ पूर्ण इजलाश ।<br>२. *सन्तोष कुमार यादव विरुद्ध परिवर्तित नाम संगीताको जाहेरीले नेपाल सरकार,* **मुद्दाः अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी,** *ने.का.प. २०८१* अङ्क ८, नि.नं. ११३३० ।<br>३. *आशा काजि श्रेष्ठसमेत विरुद्ध नारायण दास श्रेष्ठसमेत,* **मुद्दाः अंश चलन,** *ने.का.प. २०८०,* अंक ३, नि.नं. ११०४६, संयुक्त इजलाश । |
| ३०१ देखि माथि सबै | ४. *निवेदक सत्यराम सुवाल विरूद्ध सेवा आयोगको कार्यालय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत,* **मुद्दा : उत्प्रेषण,** *ने.का.प. २०८०,* अङ्क ३, नि.नं. ११०४७, संयुक्त इजलाश ।<br>५. *महंथी भन्ने महेन्द्र प्रसाद महतो विरुद्ध दुखिनी देवी महतो,* **मुद्दा : लेनदेन,** *ने.का.प. २०६८,* अङ्क १, नि.नं. ८५३२, वृहत्तपूर्ण इजलाश ।<br>६. *वादी महेन्द्र प्रताप यादवको जाहेरीले नेपाल सरकार विरुद्ध प्रत्यर्थी/प्रतिवादी दुर्गा कार्की,* **मुद्दाः बैंकिङ कसूर,** *ने.का.प. २०७२,* अङ्क ८, नि.नं. ९४५२, संयुक्त इजलाश । |

**<u>नोटः</u>**

- नयाँ पाठ्यक्रम अनुसार एलएल.बी. तह २०७५, २०७६, २०७७ र २०७ समूहका आंशिक तर्फका विद्यार्थीहरूको हकमा रोल नम्बर १ देखि ३०० सम्मका विद्यार्थीहरूले क्र.सं. १, २, ३ र रोल नं. ३०१ देखि माथिका सबै विद्यार्थीहरूले क्र.सं. ४, ५ र ६ का मुद्दाहरूको मिसिल तयार गर्नु पर्ने छ ।
- विद्यार्थीहरूले मस्यौदा सम्बन्धी ६० अङ्कको परीक्षमा माथि तोकिएका नौ वटा मुद्दाहरू मध्येबाट २०/२० अंकका दरले दुई वटा प्रश्नहरू र १०/१० अंकका दुईवटा प्रश्नहरू हल गर्नु पर्नेछ ।

क्याम्पस प्रमुख

# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः ..............
च.नं.:................

- मस्यौदा सम्बन्धी ६० अंकको अन्त्य परीक्षा (Final Exam) को उर्त्तिणाङ्क २१.५ हुनेछ भने क्याम्पसले आन्तरि रूपमा लिने ४० अंकको परीक्षाको उत्तिर्णाङ्क १३.५ हुनेछ । क्याम्पसद्वारा लिइने आन्तरिक परीक्षा र त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयबाट लिइने अन्त्य परीक्षा (Final Exam) मा छुट्टाछुट्टै उर्त्तिण हुनु पर्नेछ ।
- विद्यार्थीहरूले मस्यौदा तयार गर्दा आफ्नो हस्ताक्षरमा कालो मसी प्रयोग गरी नेपाली कागज समेतमा प्रचलित कानूनको रीत पुऱ्याई तयार गर्नु पर्नेछ ।
- अन्तिम परीक्षा (Final Exam) मा माथि उल्लेखित सूचिकृत मुद्दाहरूका आधारमा प्रश्न सोधिनेछ । कुनै पनि परीक्षार्थीले नियमित परीक्षा उत्तिर्ण गर्न नसकी पुनः परीक्षा दिनु परेमा त्यस्ता आंशिक वा मौका परीक्षा दिने परीक्षार्थीहरूको हकमा समेत सम्बन्धित शैक्षिक सत्रका नियमित विद्यार्थीहरूलाई सोधिए सरह सूचिकृत नजिरबाटै प्रश्न सोधिने छ ।
- सुचीकृत मुद्दाहरूको विषयमा मिसिलमा उल्लेखित कानूनी प्रावधान लाग्ने वा वर्तमान कानून लाग्ने भन्ने विद्यार्थीमा दुविधा देखिएको हुँदा कुनै पनि कानून संशोधन भएको तीन महिनापछि संधोधित र बहालवाला कानून नै लाग्ने मान्यता एवम् कानूनी अभ्यास अनुसार/मुद्दाका पात्र/विषयवस्तुहरू नजिरलाई नै मानी घटना र मितिको हकमा विद्यार्थी आफैले २०७५ भाद्र १ पछिको मिति कायम गरी *नेपालको संविधान, २०७२* र *मुलुकी देवानी संहिता, २०७४; मुलुकी देवानी कार्यविधि संहिता, २०७४; मुलुकी अपराध संहिता, २०७४; मुलुकी अपराध कार्यविधि संहिता, २०७४* का प्रावधान र हाल बहाल रहेको कानून र अदालतको संरचना ( जस्तै जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत) अनुसार मिसिल तयार गर्न र अन्तिम परीक्षामा समेत सोही बमोजिम गर्नुपर्नेछ ।
- हरेक विद्यार्थीले मिसिल तयार पार्दा आफ्नो रोल नम्बर अनुसारका प्रत्येक मुद्दाका लागि पाठ्यक्रममा तोकिए बमोजिम छुट्टा छुट्टै मिसिल तयार गर्नु पर्नेछ ।
- अन्य कुराहरू पाठ्यक्रममा उल्लेख भए बमोजिम हुनेछ ।

डा. श्याम बहादुर कार्की
क्याम्पस प्रमुख

क्याम्पस प्रमुख

फोन नं.: ९७७-०१-४३६८५७८, ०१-४३२५३५८, फ्याक्स: ९७७-०१-४३३२३०७, इमेल: info@nlc.edu.np, वेभसाईट: www.nlc.edu.np

# त्रिभुवन विश्वविद्यालय
## Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE

पत्र संख्या:-
Ref. No.
चलानी नं:- ९८५/२०८२०८-६(A)

मिति: २०८२।०८।१७
Date:

श्री क्याम्पस प्रमुखज्यू

१. नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग,काठमाण्डौ ।

२. महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंज ।

३. बुटबल बहुमुखी क्याम्पस,बुटबल ।

४. पृथ्वीनारायण क्याम्पस,पोखरा ।

५. महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

६. महेन्द्र बिन्देश्वरी बहुमुखि क्याम्पस,राजबिराज

७. हरिखेतान बहुमुखि क्याम्पस,बीरगंज

विषयः **अभ्यास अदालत (Moot Court) को लागि नजिरहरु निर्धारण गरी पठाईएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस कानून संकाय डीनको कार्यालयद्वारा सञ्चालन गरिने **तीन वर्षे एलएल.वी. शैक्षिक सत्र २०७९।०८० मा भर्ना हुनु भएका विद्याथीहरुको लागि** वार्षिक परीक्षा प्रणाली अनुरुप लिइने लिखत परीक्षाको प्रश्न पत्र तयार गर्ने तथा प्रत्येक क्याम्पसहरुमा प्रयोगात्मक परीक्षाको लागि तयार गरी बुझाउनु पर्ने मिसिलका लागि देवानी कानूनसंग सम्बन्धित २ वटा,फौजदारी कानूनसंग सम्बन्धित २ वटा तथा रिटसंग सम्बन्धित २ वटा गरी जम्मा ६ वटा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित भएका नजिर छनौट गरी अध्यापन गराउन तथा प्रयोगात्मक परीक्षाको लागि मिसिल तयार गरी बुझाउनु हुनका लागि नजिरहरु निर्धारण गरी यसै पत्र साथ संलग्न गरी पठाईएको छ । छनौट गरिएका देवानी,फौजदारी तथा रिटसंग सम्बन्धित नजिरहरु समावेश भएकोलाई २ वटा समूहमा विभाजन गरिएका नजिरहरु आधा विद्यार्थीहरुलाई **समूह -क** र आधा विद्यार्थीहरुलाई **समूह-ख** मा उल्लेखित नजिरहरु अध्यापन गराउन तथा प्रयोगात्मक परीक्षाको लागि मिसिल तयार गरी बुझाउनु हुनका लागि समेत जानकारी गराउनुको साथै अभ्यास अदालत (Moot Court) को विषयका लागि हुने लिखित तथा प्रयोगात्मक परीक्षाका लागि विद्यार्थीहरुले पालन गर्नुपर्ने निर्देशनहरु समेत उल्लेख गरी आवश्यक कार्यान्वयनका पठाइएको व्यहोरा अनुरोध छ।

प्रा.डा.डी.एन.पराजुली
डीन
कानून संकाय,त्रि.वि.

Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: facultyoflaw1234@gmail.com, Website: www.fol.edu.np

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कानून संकाय
FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE

पत्र संख्या:-
Ref. No.
चलानी नं:-

मिति: २०८२।०८।१७
Date:

**स्नातक (एलएल.बी.) तह शैक्षिक सत्र ०७९/०८० को दोश्रो वर्षका लागि निर्धारण गरिएको नजिरहरु**

**समूह-क**

१. लुम्बिनी बैंक लिमिटेड विरुद्ध संगिता त्रिपाठी, मुद्दाः **उत्प्रेषण परमादेश**, **ने.का.प. २०७३ अङ्क ८ नि.नं.९६४६** फैसला मिति २०७२/०९/१६ **पूर्ण इजलाश**,

२. सन्तोष कुमार यादव बिरुद्ध परिबर्तित नाम संगीताको जाहेरीले नेपाल सरकार, मुद्दाः **अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी, ने.का.प.२०८१ अङ्क ८ नि.नं. ११३३०,**

३. आशा काजि श्रेष्ठ समेत बिरुद्ध नारायण दास श्रेष्ठ समेत, **मुद्दा: अंश चलन, ने.का.प. २०८० अंक ३ नि.नं. ११०४६,**, संयुक्त इजलाश

**समूह-ख**

१. निवेदक सत्यराम सुवाल विरुद्ध सेवा आयोगको कार्यालय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर समेत, **मुद्दा: उत्प्रेषण, ने.का.प.२०८० अंक ३ नि.नं. ११०४७,** संयुक्त इजलाश

२. महंथी भन्ने महेन्द्र प्रसाद महतो विरुद्ध दुखिनी देवी महतो **मुद्दा: लेनदेन, ने.का.प. २०६८ अंक १ नि.नं. ८५३२, बृहतपूर्ण इजलाश**

३. वादी महेन्द्र प्रताप यादवको जाहेरीले नेपाल सरकार बिरुद्ध प्रत्यर्थी/प्रतिवादी दुर्गा कार्की **मुद्दा: बैंकिंग कसूर ,ने.का.प २०७२ अंक ८ नि.नं ९४५२, संयुक्त इजलाश**

**निर्देशनहरु**

१. प्रत्येक क्याम्पसले आ-आफ्नो क्याम्पसमा भर्ना भएको विद्यार्थीहरुको अनुपातमा समूह-क र ख बनाई आधा **क** समूह र आधा **ख** समूहमा मुद्दा विभाजन गरी पाठ्यक्रममा तोकिए अनुसारका मस्यौदाको अध्ययन अध्यापन गराउनुपर्नेछ।

२. अन्तिम परीक्षामा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय,बल्खु,काठमाण्डौले ६० पूर्णाङ्कमा माथिका ६ वटा नजिर भएको मुद्दाहरुमध्ये कुनैबाट पनि दुई वटा प्रश्नहरु २०×२ का दरले ४० अङ्कको लामो मस्यौदा तयार गर्नका लागि प्रश्नहरु सोधिनेछ भने ६ वटा मुद्दा मध्येबाट दुई वटा प्रश्नहरु १०×२ का दरले २० अङ्कको छोटा मस्यौदा तयार गर्नका लागि प्रश्नहरु सोधिनेछ । **६०** पूर्णाङ्कका लागि उत्तीर्णाङ्क **२१** अङ्क हुनेछ ।

# त्रिभुवन विश्वविद्यालय
## Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE

पत्र संख्या:-
Ref. No.
चलानी नं:-

मिति: २०८२।०८।१७
Date:


३. प्रत्येक क्याम्पसले आ-आफ्नो क्याम्पसमा माथिका ६ वटा मुद्दाहरुबाट आफ्नो समूहमा पर्ने मुद्दाहरुबाट पाठ्यक्रममा तोकिएका मस्यौदा तयार गराई पेश गर्न लगाउने जसको पूर्णाङ्क २५ तोकिएको छ । **२५** पूर्णाङ्कको उत्तीर्णाङ्क **९** हुनेछ।

४. विद्यार्थीले तयार गरेको २५ पूर्णाङ्कको मिसिल मध्येबाट **१५** नम्बरको अन्तरवार्ता लिइनेछ र सो को उत्तीर्णाङ्क **६** न. हुनेछ।

५. विद्यार्थीहरुले मस्यौदा तयार गर्दा आफ्नै हस्ताक्षरमा श्रेस्तेदार र न्यायाधिशले **रातोमसीले** सहि गर्नुपर्ने ठाउँमा **रातोमसीले** सहि गरी अन्य लिखतहरुमा कालोमसि प्रयोग गरी नेपाली कागज समेतमा प्रचलित कानूनको रित पुयाई मिसिलहरू तयार गर्नुपर्नेछ ।

६. अन्तिम परीक्षामा माथि उल्लेखित सूचिकृत मुद्दाहरुका आधारमा प्रश्न सोधिनेछ । कुनै पनि परीक्षार्थीले नियमित परीक्षा उत्तिर्ण हुन नसकी पुनः परीक्षा दिनु परेमा त्यस्ता आंशिक वा मौका परीक्षा दिने परीक्षार्थीहरुको हकमा समेत सम्बन्धित शैक्षिक सत्रका नियमित विद्यार्थीहरुलाई सोधिए सरह सूचिकृत मुद्दाहरुबाटै प्रश्नहरु सोधिने व्यहोरा समेत जानकारी गराइन्छ ।

७. सूचीकृत मुद्दाहरूको विषयमा मिसिलमा उल्लेखित कानूनी प्रावधान लाग्ने वा वर्तमान कानून लाग्ने भन्ने विद्यार्थीमा दुविधा देखिएको हुँदा कुनै पनि कानून संशोधन भएको **तीन महिनापछि संशोधित र बहालवाला कानून नै लाग्ने मान्यता एवं कानूनी अभ्यास अनुसार** मुद्दाका पात्रहरु र विषयवस्तुहरू नजिरलाई नै मानी घटना र मितिको हकमा विद्यार्थी आफैले **२०७५ भाद्र १ पछिको** मिति कायम गरी नेपालको संविधान २०७२ र मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ का कानूनी प्रावधानहरु र हाल बहाल रहेको कानून र अदालतको संरचना (जस्तै जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत) अनुसार मिसिल तयार गर्न र अन्तिम परीक्षा समेतमा सोही बमोजिम गर्नुपर्नेछ ।

८. अन्य कुराहरु पाठ्यक्रममा उल्लेख भए बमोजिम हुनेछ ।


Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: facultyoflaw1234@gmail.com, Website: www.fol.edu.np